# १२ अन्तिम गतिविधिहरुः येशू र उहाँबाट मुक्ति पाएकाहरु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* हिब्रू ८:१-५, यशैया ५३:६, रोमी ३:२४,२५, १ तिमोथी २:५, हिब्रू ९:२३, प्रेरित ३:१९-२१।

*<u>स्मरण गर्नुपर्ने पदहरू:</u>* "'त्यसकारण तपाईंहरू आफ्ना आफ्ना पापहरूबाट फर्कनुस्। परमेश्वरमा दृष्टि लगाउनुहोस्। अनि तपाईंहरूको पापहरू पखालिनेछन्। त्यो समय आउँनेछन् जब परमेश्वरले सबै थोक नयाँ बनाउनु हुनेछ। उहाँले ख्रीष्टलाई पठाउनुहुनेछ। तपाईंहरूको निम्ति ख्रीष्ट वा उद्धारकर्ता हुन येशूलाई नै खटाउनुभएको छ। परमेश्वरले जब सम्म सबै थोक नयाँ बनाउनुहुन्न तबसम्म उहाँ स्वर्गमै रहनुपर्दछ। उहाँका पवित्र अगमवक्ताहरूद्वारा ती कुराहरू सुनाइएका थिए।'" (प्रेरित ३:१९-२१ रूपान्तरित)।

<u>मूल तर्कः</u> स्वर्गको पवित्र स्थानमा ख्रीष्टले गर्नुहुने सेवाकार्यको बारेमा बाइबलले सिकाउँदछ। उहाँको दोस्रो आगमन र पुनरुत्थानको बारेमा पनि बाइबलले बताउँदछ। येशूका ती तिनै कार्यहरू उहाँमाथि भरोसा राख्नेहरूको निम्ति आशाका वाणी भएर खडा भइरहेकाछन्।

असल र खराबको बीचमा भइरहेको महान् मतभेदको युद्धमा धेरै पक्षहरू छन्। तर त्यसको महान् अन्तचाहिँ क्रुस थियो जहाँ सैतानको भविष्य निर्धारण भएको थियो। अन्तमा सैतान सदाको निम्ति स्वाहा हुनेछ। फेरि त्यसै बखत बाइबलले अन्तको समयको बारेमा पनि औंल्याएको छ (दानियल १२:४,९)। मुक्तिको इतिहासमा त्यो युग अत्यन्त महत्त्वपूर्ण छ। परमेश्वर र उहाँका जनहरूको बीचमा हुने सम्वन्धको बारेमा लामो इतिहास त्यस युगले बताउँदछ। युगको अन्तमा हुने विभिन्न घट्नाहरूलाई अङ्ग्रेजीमा इस्काटोलोजिकल **(eschatological)** भनिन्छ। त्यसको अर्थ "अन्तिम गतिविधि वा घट्नाहरू" भनिन्छ।

अन्तिम समयमा हुने विशेष तिन श्रृखला वा गतिविधिहरू यस अध्यायमा हामी हेर्नेछौं। ती गतिविधिहरूले हामीलाई महान् आध्यात्मिक पाठहरू सिकाउँदछः स्वर्गको मन्दिर वा पवित्र स्थानमा हुने ख्रीष्टको सेवाकार्य, ख्रीष्टको दोस्रो आगमन र येशूमा पक्का विश्वास राखेर मर्नेहरूको पुनरुत्थान।

## १. स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिरः भाग १ (हिब्रू ८:१-५)

बाइबलका शिक्षादिक्षाहरू स्पष्ट छन्। तिनीहरूमा स्वर्गमा भएको परमेश्वरको मन्दिरको बारेमा दिएका सन्देश पनि एक हुन् (भजन ११:४)। त्यसैमा  आधारित सेभेन्थ-डे एडभेन्टिस्टको मौलिक शिक्षाको २४ बुँदामा हिब्रू ८:२ उदृध गर्दै यसरी लेखिएको छः "स्वर्गमा परमेश्वरको मन्दिर वा पवित्र बासस्थान छ। त्यो नै सत्य वा पक्का मन्दिर हो। त्यो मन्दिर कुनै मानिसले निर्माण गरेको होइन तर परमेश्वर आफैले स्थापना गर्नु भएको हो" (रूपान्तरित)।

हिब्रू ८:१-५ पढ्नुहोस्। ती पदहरूमा कुन् मूल विषयवस्तुलाई औंल्याइएको छ?

तत्कालिन इस्रायलको अध्यात्मिक इतिहासमा पृथ्वीमा स्थापना गरिएको परमेश्वरको मन्दिर वा वासस्थानचाहिँ स्वर्गको नमूनामात्र थियो। त्यसको अर्थ पृथ्वीमा भएको पवित्र मन्दिरसँग स्वर्गको मन्दिर कुनै न कुनै रूपमा सम्वन्ध थियो। पृथ्वीमा भएको पवित्र मन्दिरले स्वर्गमा भएको मन्दिरको बारेमा धेरै थोकहरू सिकाइका थिए। पृथ्वीमा भएको सांसारिक पवित्र मन्दिरको खास लक्ष्य स्वर्गमा पाइएको थियो। पृथ्वीको मन्दिरमा चलेको चलनचल्तीले स्वर्गमा के हुनेछ भनेर देखाइएको थियो। पृथ्वीमा भएको पवित्र मन्दिरमा चलाइएका विभिन्न बलिका रितिथिति र पुजारीका कामहरूले वास्तविक स्वर्गको मन्दिरको बारेमा सिकाइएका थिए। आफ्ना जनहरूलाई मुक्तिका उपाय तथा नितिहरू सिकाउन परमेश्वरले पृथ्वीका मन्दिर वा पवित्र बासस्थानलाई प्रयोग गर्नुभएको थियो। त्यो वास्तविक थोक के हो त भन्दा ख्रीष्टले गर्नुपर्ने स्वर्गको मन्दिरमा आफ्नो क्रियाकलाप वा सेवाकार्य (हिब्रू ९:९-१५)। स्वर्गको

मन्दिरमा हुने ख्रीष्टको काममा आफ्ना जनहरूको निम्ति सम्पन्न हुने मृत्यु र काम समावेश भएका थिए।

पृथ्वीको मन्दिरमा हुने बलिप्रथाको संस्कारले मानिसको पाप क्षमाको निम्ति रगतको आवश्यक थियो भनेर देखाइएको थियो (हिब्रू ९:२२)। यस संसारमा पापीहरू र पवित्र परमेश्वरको बीचमा मध्यस्थता गर्ने व्यक्तिको आवश्यक थियो। परमेश्वरले त्यसको निम्ति पुजारी खटाउनु भएको थियो। पवित्र मन्दिरको पुजारीले गर्ने विभिन्न विधिहरूले परमेश्वर र पापी जनहरूको बीचमा सम्पर्क भएको देखाइएको थियो। मन्दिरको महा पवित्र स्थानले पापीको पापलाई सफा गर्दछ भनेर देखाइएको थियो। त्यसको निम्ति मानिसहरूले आफ्ना पापहरूको स्विकार गर्नुपर्थ्यो र पश्चाताप गर्दै अवदेखि पाप गर्दिन भनेर बाचा बाँध्नु पर्थ्यो। त्यसको अर्थ मुक्तिको सबै उपाय वा योजनामा न्यायको प्रक्रियाले पनि अत्यन्त उल्लेखनीय भूमिका खेलेको थियो।

हिब्रू ८ः १ र दुईमा व्यक्त गरेका वचन अत्यन्त चासोको विषय हो। त्यस पुस्तकको प्रथम् सात अध्यायको लक्ष्य नै आफ्नो पाठकलाई स्वर्गको मन्दिर कुनै मनगढन्ते नभएर साँच्चिकै हो भनेर देखाउनु थियो। ख्रीष्ट महापूजारीको हैशियतले स्वर्गको पवित्र मन्दिरमा सेवाकार्य गर्नुहुन्छ भनेर ती पदहरूले बताउँदछन्। स्वर्गको पवित्र मन्दिरमा गरिने ख्रीष्टको सेवाकार्यले मुक्तिको सम्पूर्ण योजनालाई झल्काउँछ भन्ने कुरा नबुझ्नु अचम्मको कुरो हो। स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर केवल सङ्केतमात्र हो यथार्थ होइन भनेर ती पदहरूमा भएको कुनै पनि कुराले देखाउँदैन। अझ पद ५ले त पौराणीक कालमा पृथ्वीको मन्दिरमा गरिने सम्पूर्ण सेवाकार्यले ख्रीष्टले स्वर्गको मन्दिरमा हाम्रो निम्ति गरिरहनुभएको वास्तविक कामको नमूना वा छायाँमात्र थिए भनेर खुलासा गरिएकोछ।

## २. स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिरः भाग १ (यशैया ५३:६)

मुक्तिको योजनाका तिन पक्षहरू यस पृथ्वीमा भएका पवित्र मन्दिरको सेवाकार्यले देखाएका थिएः (१) हामीहरूको सट्टामा वा विकल्पमा येशूको बलि, (२) मानिस र परमेश्वरको बीचमा पुजारीले गर्ने

**मध्यस्थताको काम, र (३) न्याय। पापीहरूको निम्ति गरिने ख्रीष्टको सेवाकार्यले मुक्तिका ती तिनै पक्षहरू समावेश भएका छन् भनेर बाइबलले सिकाउँदछ।**

यशैया ५३:६, रोमी ३:२४,२५, २ कोरन्थी ५:२१ पढ्नुहोस्। हाम्रो मुक्तिको निम्ति चाहिने बलि हाम्रो सट्टामा वा विकल्पमा क्रुसमा मारिएको येशूले पुऱ्याउनुभएको थियो भनेर ती पदहरूले हामीलाई कसरी बताउँछन्?

ख्रीष्टले पापीहरूको निम्ति पुजारी र उद्धारकर्ता भएर कसरी काम गर्नु भएको थियो भनेर १ तिमोथी २:५ र हिब्रू ७:२५ले कसरी बताउँदछन्?

**पशुको विभिन्न बलिप्रथाले ख्रीष्टको मृत्युलाई औँल्याएका थिए। त्यहि रितिले स्वर्गमा ख्रीष्टले गर्नुभएको पुजारीको खास सेवाकार्य पनि यस पृथ्वीको मन्दिरमा भएको पुजारीले गर्ने सेवाकार्यले देखाएको थियो। यस पृथ्वीको पवित्र मन्दिरमा पुजारीले गर्ने निरन्तर दैनिक सेवाकार्यले स्वर्गमा ख्रीष्टले गरिरहने सेवाकार्यलाई औँल्यएको हुनाले परमेश्वरको सामु पापीको निम्ति ढोका सदाको निम्ति खुला छ भनेर देखाएका थिए। अहिले उहाँ स्वर्गको पवित्र मन्दिरमा मूल पुरोहितको रूपमा काम गरिरहनुभएको छ (हिब्रू ४:१४-१६)।**

हिब्रू ९:२३लाई ध्यान दिएर पढ्नुहोस्। पौराणिक पवित्र मन्दिरको सेवाकार्यमा वर्षको एक फेरा प्रायश्चितको दिन मनाउँथ्यो जसलाई अङ्ग्रेजीमा डे अभ आटोनमेन्ट भनिन्छ। त्यसबेला मूल पुजारीले मन्दिरको महापवित्रस्थान भित्र पसेर पवित्र सन्दुकमा बोकाको रगत छर्किदिन्थ्यो। त्यसले इस्रायलीहरूले गरेको वर्षभरिको पाप छोखो भएको देखाउँथ्यो। त्यो बोका हाम्रो निम्ति र हाम्रो सट्टामा मर्नुहुने ख्रीष्टको बलिको प्रतिक थियो। अनि त्यसै बेला अर्को बोका जसको टाउकोमा पुजारीले प्रतिकको रूपमा इस्रायलीहरूको पाप उसको टाउकोमा राखेर जङ्गलमा छाडा छोडिदिन्थ्यो। त्यसको अर्थ मानिसको पापको जिम्मेवारि सैतानले बोकेको देखाउँथ्यो। पुजारीले गर्ने त्यो कार्य ख्रीष्टले गर्ने स्वर्गको मन्दिरमा गर्नुहुने कामको नमूना वा छायाँ थियो।

यस पृथ्वीको पवित्र मन्दिरमा हुने सेवाकार्यको पृष्ठभूमिलाई ध्यानमा राखेर हिब्रू ९:२३ पढियो भने स्वर्गमा ख्रीष्टले गर्नुहुने पाप क्षमाको कामलाई स्पष्ट रूपमा देखाउँदछ। स्वर्गमा पनि केहि कुराले अशुद्ध पारेको थियो र त्यसलाई सफा वा शुद्ध गर्नुपर्छ भनेर देखाउँदछ। (पापको निम्ति वर्षभरि गरिने विभिन्न बलिप्रथाहरूको बार्षिक अन्त प्रायश्चितको दिनमा बोकाको रगतले महापवित्रस्थान शुद्ध पार्नु अत्यन्त गम्भिर विधि थियो। त्यसले स्वर्गको मन्दिरमा रहेको महापवित्र स्थानलाई येशूले आफ्नो रगतले शुद्ध पार्ने प्रक्रिया देखाउनेभएकोले आत्मिक जगतको निम्ति त्यो अत्यन्त संवेदनशील विधि थियो)।

प्रायश्चित अर्थात् पापको क्षमा र शुद्ध गर्ने विधिको बारेमा सोच्नुहोस्। त्यसको अर्थ के हो? त्यो कसरी गरिन्छ? हाम्रो निम्ति प्रायश्चित वा क्षमा कसले मात्र गर्न सक्छ? अहिले हामी प्रायश्चितको दिनमा जीइरहेकाछौं भन्ने सन्देशले हाम्रो जीवनलाई केहि हदमा कसरी सकारात्मक र आशावादी बनाउँदछन्?

## ३. ख्रीष्टको दोस्रो आगमन (प्रेरित ३:१९-२१)

प्रेरित ३:१९-२१ गहिरिएर पढ्नुहोस्। पाप हटाइनेछ भन्ने तथ्य सन्देशले अघिल्लो बुँदामा छलफल गरिएको पवित्र मन्दिरमा गरिने शुद्धको कार्यसँग कसरी सम्वन्ध भएको देखाउँदछ?

“समय र ऋतुको बारेमा पत्रुसलाई जानकारी नभएको हुनसक्छ (प्रेरित १:७)। तर आफ्नो समयमा औंल्याइएको भविष्यवक्ता योयलको भविष्यवाणी पूरा भएको थियो भनेर उनले बताएका थिए (प्रेरित २:१४-२१)। आफ्नो सिमित ज्ञानभन्दा बढि गएर प्रेरणाद्वारा पत्रुसले सम्वोधन गरिरहेका थिए भन्नेकुरामा हिचकिचाउनु आवश्यक परेको देखिन्दैन। संसारको अन्तमा हुने दुई महान् घट्नाहरूलाई पत्रुसले वर्णन गरिरहेका थिएः (१) प्रभावकारी रूपमा परमेश्वरको पवित्र आत्माको ओइराइ (२) पवित्र तथा धार्मिक जनहरूको पापक अन्तिम मेटाइ। ती दुवै घट्नाहरूको अन्तिम समयमा हुने तेस्रो महान् घट्नासँग घनिष्ट

सम्वन्ध भएको पाइन्छ। त्यो हो, ख्रीष्टको दोस्रो आगमन।" एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १६०बाट रूपान्तरित।

दुवै ख्रीष्टको दोस्रो आगमन र नयाँ स्वर्ग र पृथ्वीको प्रतिज्ञाको बारेमा प्रारम्भिक चर्च स्पष्ट थियो (२ पत्रुस ३:१३)। ख्रीष्टको पहिलो आगमन नै दोस्रो आगमनको मूल कारण थियो। दोस्रो आगमनबिना पहिलो आगमनको अर्थ केहि हुँदैन। येशूले क्रुसमा दिनुभएको बलिदानले पापको समस्यालाई ठेगानामा लगाइएको थियो भने त्यसको पूर्णतया अन्त उहाँको महिमित दोस्रो आगमनमा हुनेछ। स्वर्गमा भएको पवित्र मन्दिरको पूर्ण शुद्धिकरणपछि त्यो कार्य सम्पन्न हुनेछ। अनि दोस्रो पल्ट पुरा उद्धारको निम्ति येशू देखापर्नुहुनेछ (हिब्रू ९:२८)। दोस्रो आगमनबिना मुक्तिको प्रतिज्ञाको अर्थ के छ र? (१ थेस्सोलोनीकी ४:१६-१८ पढ्नुहोस्। हो, दोस्रो आगमनबिना पहिलो आगमनको औचित्य छैन।

येशू र सैतानको बिचमा भइरहेको महान् घमासानको युद्ध दोस्रो आगमनमा सम्पन्न हुनेछ। आफूले चलाएको महान् मतभेदको अन्त छिट्टै हुन्छ भन्ने कुरोलाई सैतानलाई थाहा छ। त्यसले गर्दा विभिन्न छलकपटद्वारा सैतानले मानिसलाई उसको पासोमा पार्न खोज्दछ। हामीलाई यो भनिएको छ, "जब प्रभु येशूको दोस्रो आगमन नजिकिन्दै जान्छ तब सैतान र उसको दुष्ट दूतहरू झन व्यस्त हुनेछन्। सैतानले मानव रूप धारण गर्नेछ। अझ यो भन्दा वेसि चमत्कार काम उसले गर्नेछ। आफूलाई येशू ख्रीष्ट हुँ भनेर दावी गरेर मानिसहरूलाई आकर्षित गर्नेछ। अनि त्यस संसार जसले सत्यलाई अंगाल्न अश्विकार गरे त्यसले सैतानलाई नै परमप्रभु स्वामी र राजाहरूको महाराजा भनेर अङ्गिकार गर्नेछ।"-एलेन जी ह्वाइट, लास्ट डे इभेन्टस्, पृ. १६८, १६९बाट रूपान्तरित। सैतानले अपनाउने विभिन्न छलकपटबाट हामीलाई सजग गराएको छ। उहाँको दोस्रो आगमन साँच्चिकै, व्यक्तिगत र प्रत्यक्ष्य हुनेछ। उहाँको आगमनमा सारा संसार अचम्मित र स्तम्भित हुनेछ। अनि त्यो हामीले थाहा पाएको पापै पापले भरेको, दुःखकष्ट, पिडादायी, दयनीय, निराश र मृत्युले राज गरेको संसारको अन्त हुनेछ।

हामी रहेको संसारलाई हेर्नुहोस्। यस पृथ्वीमा आनन्दसाथ रहन हामी मानव जातिले के राम्रो काम गरेका छौं? हामी भन्दा गरिव, निरिह र कष्ट पाएका मानिसहरूको सुधार गर्न हामी पछि पर्नुहुन्न। यद्यपि, जगतव्यापी पापको समस्यालाई हल गर्ने केवल येशूमात्र हुनुहुन्छ भन्ने पहिलो उल्लेखनीय कुरालाई हामीले किन सम्झनु अत्यावश्यक छ?

## ४. ख्रीष्टको आगमनको प्रतिक्षामा (१ थेसलोनिकी ५:१-११)

१ थेसलोनिकी ५:१-११ प्रार्थनापूर्वक पढ्नुहोस्। त्यहाँ लेखिएको सन्देश के हो? के वर्तमान कालमा त्यस सन्देश सान्दर्भिक छ त? ती पदहरूमा व्यक्त गरेका वचनहरू हामीहरूको दैनिक जीवनमा कसरी लागु गर्ने?

**ती पदहरूबाट हामीले धेरै आत्मज्ञानहरू सिक्न सक्दछौं। तर एउटा कुरो त अत्यन्त महत्त्वपूर्ण मान्नु पर्दछ। त्यो हो, इसाईहरू ख्रीष्टको दोस्रो आगमनको प्रतिक्षामा रहनु। प्रत्येक विश्वासीको आशाको केन्द्रविन्दु उहाँको आगमन हो। त्यस मामिलामा हामी गम्भिर हुनुपर्दछ र चनाखो भएर बस्नुपर्दछ। नत्र भने राती सुतेको बेलामा चोर आएको झैं उहाँ आउनु हुँदा हामी तयार भएर नबसेको भेट्टाइनेछ। विश्वास, प्रेम र आशाले भरपूर भएर हामी जीइरहनुपर्दछ। त्यसको अर्थ चाहे हामी जीउँदै होस् वा मरेका हौं हामीहरूको अनन्त जीवन उहाँमै छ भन्ने विश्वासमा अडिक भएर बस्न सक्षम् हुनेछौं।**

**बाइबलमा उल्लेख गरेका संसारको अन्तको समयमा हुने विभिन्न घट्नाहरू यत्रतत्र सर्वत्र भइरहेको हामी देखिरहेकाछौं। ती घट्नाहरूको बारेमा तर्कवितर्क गर्न वडो होशियार हुनुपर्दछ। ती घट्नाहरू हाम्रो निम्ति कत्तिको महत्त्वपूर्ण छ भनेर बुझ्नु पनि सतर्कता अपनाउनुपर्दछ। कतिपय समयमा कतिपय घट्नाहरू जोशिलो पाराले फैलाएका हुन्छन्। मानिसहरू उत्तेजित भएर ती घट्ना वा भविष्यवाणीहरूको पछि लागेका हुन्छन्। तर ती बिलाएर गएको हुन्छ। जब उत्तेजना सिथिल हुन्छ तब मानिसहरू निराश र हतोत्साहको भुमरीमा पर्दछन्। अनि हुने घट्नाप्रति**

पनि शङ्काको दृष्टिमा हेर्न थाल्दछन्। सतर्क भएर सावधान अपनाउँदै हामी चल्नु पर्दछ। फेरि त्यसै समयमा जब अन्तको चिन्हहरू घट्दै जान्छन्, हामी ती प्रति संवेदनशील हुँदै जानुपर्दछ। जब ती चिन्हहरूको बारेमा सिक्दछौं र अध्ययन गर्दछौं त्यसले हामीलाई ज्ञानी र नम्र तुल्याउनु पर्दछ।

अन्तिम समयमा हुने चिन्ह वा घट्नाहरूको उद्देष्य के हो त? यूहन्ना १३:१९ र १४:२९ले त्यस उद्देष्यलाई कसरी वाख्या गर्दछन्?

**विश्वासीहरूको कौतूहल वा जिज्ञासालाई मेट्न संसारको अन्तमा हुने घट्नाका भविष्यवाणीहरू दिएका होइनन्। बरू जब ती घट्नाहरू घट्दै जान्छन् विश्वासीहरूलाई येशूको आगमनको प्रतिक्षाप्रति झन उत्साहित र आशावादी बनाउनु पर्दछ (मत्ती २४:३२-४४)। जब येशूको दोस्रो आगमनलाई हेरिरहन्छौं तब हामीहरूका आँखाहरू खुला राखिरहनुपर्दछ। अन्तिम समयमा हुने विविध घट्नाहरूको बारेमा बाइबलले के भन्छ भन्ने ज्ञानलाई जानीरहनुपनि पर्दछ। त्यो किन महत्त्वपूर्ण छ भने कतिपय इसाईहरूको माझमा पनि अन्तिम समयमा हुने घट्नाहरूको बारेमा गलत भ्रान्ति वा धारणाहरू फैलिरहेको पाइएको छ।**

खीष्टको आगमनको प्रतिक्षा पनि रहने, फेरि दैनिक जीवनलाई सुचारूरूपमा पनि चलाउने, ती दुईको बीचमा संतुलन गरि कसरी जीउने? फेरि अखबारमा भएका प्रत्येक शिर्षकहरू पढ्दा अन्तिम समय आयो भनेर हतारो मान्ने बानीलाई कसरी हटाउने? विविध घट्नाहरूको बारेमा थाहा पाएर जे हुनु थियो भयो भनेर असंवेदनशील हुँदै संतुष्ट भएर बस्नु वा मनलाई चंचल बनाएर हताशको मनश्यताबाट हामी कसरी जोगिने?

## ५. मृत्यु र पुनरुत्थान (१ थेस्सोलोनिकी ४:१३-१६)

**नयाँ करारको शिक्षामा खीष्टको दोस्रो आगमनको घट्ना पुनरुत्थानसँग गाँसिएको पाइन्छ। जो खीष्टलाई विश्वास गरेर मर्दछन् तिनीहरूको पुनरुत्थान सुनिश्चित भएको पाइन्छ। पुनरुत्थान बिना उहाँको**

आगमनको औचित्य नभएकोले पुनरुत्थान अत्यन्त महत्त्वपूर्ण विषय भएको हुनसक्छ। पुनरुत्थानको विषयलाई किन जोड दिएको भन्दा ख्रीष्टको आगमन पहिले उहाँलाई विश्वास गर्ने प्रायजसो विश्वासीहरू मरिसकेको हुन्थ्यो।

खीष्टको आगमनमा मरिसकेकाहरूको पुनरुत्थानको विषयलाई देहायका पदहरूले हामीलाई के सिकाउँदछन्, पढ्नुहोस्ः १ थेस्सोलोनिकी ४:१३-१६, १ कोरन्थी १५:१३-२५, रोमी ८:११ र फिलिप्पी ३:२०,२१?

पुनरुत्थानको समयमा मरेर जुनसुकै अवस्थामा परेपनि अर्थात् गाडियोस् वा खरानी होस्, मानिसको “शरीर" फेरि जीवित हुनेछ भनेर बाइबलले सिकाउँदछ। स्पष्ट रूपमा भन्ने हो भने पुनरुत्थान कुनै अदृष्य आत्मा वा तत्व स्वर्गमा जाने नभएर प्रत्यक्ष्य शरीर नै पुन जीवन पाइ पुनरुत्थान हुनेछ भन्ने बाइबलले सिकाउँदछ। ख्रीष्टको पुनरुत्थानमा उहाँको चिहान खाली भएकोले नै पुनरुत्थानको सत्य शिक्षा अझ स्पष्ट भएको पाइन्छ। उहाँको शरीर चिहानमा छैन। यदि ख्रीष्टको पुनरुत्थान यथार्थ हो भनेर विश्वास गर्दछौं भने हाम्रो पुनरुत्थान पनि मनगढन्ते नभएर यथार्थ हुन आउँछ। उहाँको पुनरुत्थान हाम्रो पुनरुत्थानको प्रमाण हो।

यदि पुनरुत्थानको अर्थ मृत्युको शक्तिलाई टोड्नु हो भने त्यो अवस्था केवल ख्रीष्टमा रहनेले मात्र प्राप्त गर्न सक्छ भन्ने २ तिमोथी १:८-१०लाई कसरी वाख्या गर्ने?

अमरत्वको विषयको बारेमा खोज अनुसुन्धान गर्नु कुनै पनि विज्ञानको उल्लेखनीय विषय वस्तु होइन। ख्रीष्टको आफ्नै मृत्यु र पुनरुत्थानले मृत्युको शक्तिलाई टोडिदिनुभएको थियो (रोमी ६:९)। येशू मर्नु भएको र उहाँ जीउनु भएको नै उहाँलाई विश्वास गर्नेहरूले पाउने अनन्त जीवन वा अमर जीवनको प्रमाण थियो। त्यस प्रमाणलाई बप्तिस्माद्वारा जगाइरहेको हुन्छ (रोमी ६:२३)। (जब कोहि पानीमा चोपलेर वप्तिस्मा लिन्छ भने उसले ख्रीष्टको मृत्युलाई स्विकार गरि

आफ्नो पुरानो जीवन मारिएको भनेर विश्वास गरेको हुन्छ। जब पानीबाट विश्वासी निस्कन्छ भने तिनी ख्रीष्टको आगमनमा पुनरुत्थान हुनेछ भन्ने दिक्षालाई आत्मसात् गरि त्यो बेला नआउञ्जेल नयाँ चोखो जीवन बिताउन प्रण गरेको देखाउँछ)। फेरि अमरत्व वा अनन्त जीवनको बरदान विश्वासीहरूलाई त्यस बेलासम्म दिइन्दैन जबसम्म येशू दोस्रो पल्ट आउनुहुन्न। अर्थात् विश्वासीहरू मर्ने वित्तिक्कै अमर हुन्छ वा अनन्त जीवन पाउँछ भन्ने लोकमा चलेको शिक्षा बाइबल सम्मत छैन (१ कोरन्थी १५:५१-५४)।

"'पुनरुत्थान र जीवन मै हुँ। जो मानिस मलाई विश्वास गर्दछ, त्यो मानिस मरेपनि जीउनेछ'" (यूहन्ना ११:२५ रूपान्तरित)। येशूले व्यक्त गर्नु भएको त्यस वचन तपाईंको निम्ति आशा पल्हाउने आत्मज्ञान हो। तर त्यसलाई तपाईं कत्तिको बुझ्न सक्नुहुन्छ? त्यस वचन बिना तपाईंको अस्तित्व के छ?

## उपसंहारः

थप जानकारीः "जसरी क्रुसमा ख्रीष्टको मृत्यु मुक्तिको योजनाको निम्ति अपरिहार्य (नभैनहुने वा महत्त्वपूर्ण कार्य) भएर खडा भएको थियो, त्यसरी नै स्वर्गको पवित्र मन्दिरमा ख्रीष्ट मूल पुजारीको रूपमा कार्यरत हुनु हामीहरूको मुक्तिको निम्ति त्यत्तिकै महत्त्वपूर्ण छ। उहाँको मृत्युमा सुरू भएको कामलाई स्वर्गमा गएर उहाँले निरन्तरता दिएर सम्पन्न गर्नुपरेको थियो। विश्वासद्वारा हामी पर्दाभित्र पस्नुपर्दछ, 'जहाँ येशू जानुभयो। हाम्रो निम्ति बाटो खुला गर्न हामी भन्दा पहिले उहाँ स्वर्गमा जानुभएको थियो (हिब्रू ६:२० रूपान्तरित)। क्रुसबाट निस्किएको ज्योति स्वर्गमा चम्केको थियो। हामीले कसरी उद्धार पाउँछौं भन्ने रहस्य स्वर्गको मन्दिरमा ख्रीष्टले गरिरहनुभएको कामबाट अझ राम्ररी बुझ्न सक्दछौं। मानिसको मुक्तिको निम्ति स्वर्गले तिरेको मोल मानिसको समझशक्ति भन्दा बाहिरको कुरो हो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४८९बाट रूपान्तरित।

"येशूभक्तको निम्ति ख्रीष्ट नै पुनरुत्थान र जीवन हो। पापद्वारा अवमूल्यनमा परेको वा हराएको जीवन हाम्रो मुक्तिदाताले पुनःनिर्माण गरि नयाँ बनाइ दिनुभएको छ। उहाँले इच्छा गरेकोलाई उद्धार गरि जीवन दिने अनन्त जीवनको स्रोत येशू नै हुनुहुन्छ। मानिसलाई अमरत्व दिने अधिकार उहाँमा नै निहित गरिएको छ। मानिसको निम्ति अर्पण गरिएको जीवन उहाँले फेरि फिर्ता लिनु भएको थियो, र त्यो फिर्ता लिएको जीवन मानिसलाई सुम्पनु भएको थियो।"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज,* पृ. ७८६,७८७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. विश्वप्रशिद्ध इसाई चिन्तक जोन क्यालभिनको भनाइमा स्वर्गमा येशूले गरिरहनुभएको पुजारीको कामले उहाँ हाम्रो मुक्तिको निम्ति मर्नुभयो भन्ने सम्झनालाई निरन्तरता दिँदछ। बिलायतको पन्द्रौं शताव्धीमा चलेको इसाई शुद्धवादी अर्थात् प्युरिटनहरूको माझमा प्रचारकहरूले प्रचार गर्ने आदर्श विषयबस्तु नै स्वर्गमा भएको पवित्र मन्दिर थियो भनिन्छ। मानव मुक्तिको निम्ति ख्रीष्टले पुजारीको काम गर्नु अत्यन्त महत्त्व हुन गएको कुरालाई थाहा पाउनु त्यत्तिको कठिन छैन। पुरानो करारमा तत्कालिन इस्रायलीहरूको केन्द्रविन्दु पृथ्वीको पवित्र मन्दिर र त्यसमा हुने सेवाकार्यहरू थिए। नयाँ करारले पनि त्यसको महत्त्वलाई निरन्तरता दिएको हामी पाउँछौं। स्वर्गको पवित्र मन्दिरमा येशूले गरिरहनुभएको मूल पुजारीको काम कत्तिको महत्त्वपूर्ण रहेछ भन्ने धर्मदर्शनलाई हामीले कसरी आत्मसात् गर्ने?

आ. हिब्रू ९:२३ ध्यान दिएर पढ्नुहोस्। बाइबलका चिन्तकहरूलाई त्यस पदले बर्षौंसम्म पिरोलेको

पाइन्छ। स्वर्गमा भएको पवित्र मन्दिर शुद्धिकरण कसरी हुन्छ भन्ने सिद्धान्तलाई कतिपय इसाई धर्मगुरूहरूले बुझ्न नसकेको पाइन्छ। हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले त्यस पदबाट अझै सिक्न बाँकि छ। तर पवित्र मन्दिरको शुद्धिकरण गरिनेछ भन्ने दानियल ८:१४को भविष्यवाणीले हाम्रो बुझाइमा फरक पारेको छ।

इ. इसाई आस्थामा ख्रीष्टको पुनरुत्थान अत्यन्त महत्त्वपूर्ण छ। येशूको पुनरुत्थानबिना हामी शुन्यतामा पर्दछौं। अर्थात् हाम्रो जीवनको कुनै मूल्य मान्यता हुँदैन। १ कोरन्थी १५:१-६ पढ्नुहोस्। ख्रीष्टको पुनरुत्थानको प्रमाण पावलले आफ्ना पाठकहरूलाई कसरी बुझाउन खोजिरहेकाछन्? पद ६मा पावलले के व्यक्त गरिरहेकाछन्? बाँचिरहेकाहरू विश्वासीहरूको माझमा ख्रीष्ट देखापर्नुभएको कुरालाई उनले किन जोडसाथ औंल्याउँछन्? उनको त्यस वक्तव्यमा झण्डै यो कुरा लुकिएको हामी पाउँछौं, "मैले भनेको कुरामामात्र विश्वास गर भनेको छैन। पुनरुत्थान हुनुभएको येशूलाई आफ्नै आँखाले देखेका सयौंलाई सोध। आफूले के सिकाइरहेको छ त्यसमा आफै स्पष्ट नहुनेले गरेको सम्वोधन त्यो होइन। ख्रीष्टको पुनरुत्थान वास्तविक थियो भन्ने प्रमाण बाईबलले जुटाएको प्रमाण अझ कहाँ कहाँ छ? त्यो थाहा पाउँदा उहाँको पुनरुत्थान मनगढन्ते नभएर हाम्रो विश्वासलाई बलियो बनाउँदछ।